# क्व्होलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम

# ०७५।०७६

क्व्होलासोथार गाउँपालिकाको तेस्रो गाउँसभाका सभाध्यक्ष एवं क्व्होलासोथार गाउँपालिकाका अध्यक्ष श्री प्रेम घले ज्यू, प्रमुख अतिथी प्रदेश नं ४ का माननीय मूख्य मन्त्री पृथ्वी सुब्बा गुरूङ ज्यू, विशेष अतिथी लमजुङ जिल्लाका प्रमुख जिल्ला अधिकारी ज्यू, जिल्ला समन्वय अधिकारी ज्यू, जिल्ला प्रहरी प्रमुख ज्यू, जिल्ला स्थित विभिन्न राजनितिक दलका प्रमुख एवमं प्रतिनिधी ज्यूहरू, गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत ज्यू, गाउँसभाका सदस्य ज्यूहरू, कार्यपालिकाका सदस्य ज्यूहरू, वडा नं १ देखि ९ सम्मका वडा अध्यक्ष ज्यूहरू, वडा सचिव ज्यूहरू, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी ज्यूहरू, पत्रकार मित्रहरू तथा यस गरिमामय गाउँसभामा उपस्थित महानुभावहरू ।

सर्वप्रथम लोकतन्त्र, गणतन्त्र, संघियता तथा समग्र मुक्ति आन्दोलनका लागि विगतका विभिन्न शान्तिपूर्ण आन्दोलन तथा सशस्त्र संघर्षका क्रममा जिवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिद हरू प्रति भावपूर्ण श्रध्दाञ्जलि अर्पण गर्दछु। साथै आन्दोलनका क्रममा सम्पूर्ण घाइते, वेपत्ता योध्दाहरूको योगदानलाइ यस ऐतिहसिक घडिमा स्मरण गर्न चाहन्छु। साथै यस अवसरमा गुरूङ जातिको उद्गम थलो यस पवित्र भुमिमा गुरूङ संस्कृति, इतिहास, सभ्यता, भेषभुषा, रीतिथीति तथा संस्कारको उत्थान तथा सम्वर्धन एवं संरक्षण र विकासमा महत्त्वपूर्ण योगदान पुर्याउनुहुने पूर्वजहरूमा सम्मान प्रकट गर्न चाहन्छु। आफ्नो व्यस्त समयका वावजुद हाम्रो निमन्त्रणालाइ स्वीकार गरी क्व्होलासोथार गाउँपालीकाको तेस्रो गाउँसभामा पाल्नुहुने प्रमुख अतिथि ज्यूहरू र उपस्थित सम्पूर्ण महानुभावहरूमा गाउँपालिकाको तर्फवाट हार्दिक स्वागत गर्न चाहन्छु।

# क्व्होलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम
# ०७५|०७६

संविधान सभावाट पारित नेपालको संविधानको जारी, संघीयता कार्यन्वयन, स्थानीय तह, प्रदेश तथा संघीय निर्वाचनको सफलतापूर्वक सम्पन्नता संगै जनप्रतिनिधिको चयन पश्चात देशमा दशकौ देखि जारी राजनैतिक संक्रमणकालको अन्त्य भइसकेको सन्दर्भमा अव नेपाली जनताको सवै प्रकारको उत्पिडन र विभेदको अन्त्य तथा आर्थिक समानता, सामाजिक न्याय, समतामूलक समाज, दीगो शान्ति, सुशासन, विकास तथा समृध्दिको आकांक्षा पूरा हुने आधारहरू निर्माण भएको सर्वविदितै छ। आगामी दिनमा छिट्टै नै प्रशासनिक संक्रमण कालको अन्त्य संगै विध्दमान सार्वजनिक सेवा प्रवाहमा देखिएको कढिनाइ पनि दूर हुने अपेक्षा गर्न सकिन्छ।

मध्य नेपालको लमजुङ जिल्लाको पश्चिम क्षेत्रमा अवस्थित यस क्व्होलासोथार गाउँपालिका साविकको पसगाउँ, भोजे, गिलुङ, भुजुङ, उत्तरकन्या, मालिङ, र वाग्लुङपानी गरी सातवटा गा.वि.स मिलेर वनेको गाउँपालिकाको क्षेत्रफल १७५.३७ वर्ग कि.मि. रहेको छ। धार्मिक रूपमा हिन्दु, वौध्द, त्रिश्चियन र वोन धर्मालम्वीहरूको वसोवास रहेको छ। गुरूङ जातिको आदिम वस्ती क्व्होलासोथार वाट यस गाउँपालिकाको नामाकरण भएको कुरा सर्वविदितै छ। वि.स. २०६८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या १०,०६७ रहेको छ भने गुरूङ, दलित, तामाङ, ह्योल्मो, व्राम्हण, क्षेत्री, मगर, दुरा र नेवार जातिको बसोवास रहेको छ। शिक्षा तर्फ २३ वटा वालविकास केन्द्र, २० प्राथमिक विद्यालय, ८ आधारभूत मा.वि. छन भने स्वास्थ्य तर्फ ६ वटा स्वास्थ्य चौकी र २ वटा सामुदायिक स्वास्थ्य इकाइले सेवा प्रदान गरिरहेका छन्।

# क्व्होलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम

## ०७५।०७६

सार्क राष्ट्रकै नमूना पर्यटकिय गाउँ "घले गाउँ" यसै गाउँपालिकामा पर्ने सवैलाइ विदित नै छ। घले गाउँको नमुना होमस्टे सँगै भुजुङ, पसगाउँ र गिलुङ मा पनि होमस्टे सञ्चालनमा छन्। वैदेशिक रोजगारी मुख्य आय श्रोत भए तापनि आगामी दिनमा कृषि, पशुपालन, पर्यटनमा लगानी वृध्दि गरी युवा पलायनलाइ रोक्ने अभियान गाउँपालिकाले शुरू गरेको छ। यसै आर्थिक वर्षमा गाउँपालिकाको अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन लक्ष्य तय गर्न यो आर्थिक वर्षमा आधारभुत सर्वेक्षणको कार्य सम्पन्न भएको जानकारी गराउन चाहन्छु। त्यसैगरी वडा नं ८ घाम्राङमा गाउँपालिकाको सहकार्य तथा अलैची व्यवसायी महासंघ लमजुङ को आयोजनामा वृहत अलैची महोत्सव सम्पन्न भएको छ भने आगामी दिनमा अलैची, जडिवुटि, वेमौसमी तरकारी, चिया कफी खेतीलाइ प्राथमिकताका साथ अगाडि वढाइनेछ।

कृषि, पशुपालन, पर्यटन तथा सडक लगायत पूर्वाधारमा प्राथमिकता दिदै आर्थिक समृध्दिको दिशा तर्फ अगाडि वढ्न यस गाउँपालिकाले टोल, वस्ति, वडा भेला तथा वडा समितिको वैठकहरूवाट योजनाहरूको छनौट गर्ने परिपाटिलाइ अवलम्वन गर्दै आ.व. ०७५।०७६ को योजना तर्जुमा गरेको अवगत गराउन चाहन्छु। साथै मिदिम खोला पारी वडा नं ८ मा र मिदिम खोला वारी वाग्लुङपानीमा वृहत योजना गोष्ठी, कृषि, पशु, स्वास्थ्य, शिक्षा क्षेत्रको योजना कार्यन्वयन को समीक्षा एवं गोष्ठी, गाउँपालिकामा विभिन्न शाखाहरूको प्रतिवेदनको आधारमा समग्र वजेट, तथा कार्यक्रम को तर्जुमा गरीएको स्मरण गराउन चाहन्छु। योजना तथा कार्यक्रम तर्जुमा गर्दा, नेपालको संविधान, चौधौ त्रिवर्षीय योजना, गाउँपालिकावाट गरिएको आधारभूत सर्वेक्षण प्रतिवेदन, संघीय तथा सामान्य प्रशासन मन्त्रालयको मार्ग निर्देशन तथा परीपत्र र अर्थ मन्त्रालयको राजश्व वाँडफाँड तथा वित्तिय समानिकरण

# क्व्होलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम
# ०७५।०७६

सिलिङ, संघीय सरकारको वजेट, नीति तथा कार्यक्रम, प्रदेश सरकारको वजेट, नीति तथा कार्यक्रम र स्थानीय आवश्यकता लाइ वजेट निर्माणमा मुख्य आधार वनाइ क्व्होलासोथार गाउँपालिकाले नीति तथा कार्यक्रम वजेट निर्माण गरेको छ।

उपस्थित सम्पूर्ण महानुभावहरू,

अव म यहाँहरू समक्ष यस क्व्होलासोथार गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**<u>प्रमुख नीति तथा कार्यक्रम :</u>**

- साना तथा टुक्रे योजनाहरूलाइ निरूत्साहित गर्दै ठूला योजनाहरूलाइ प्राथमिकता दिने नीती यस गाउँपालिकाले लिएको छ। मध्यम तथा ठूला योजनाहरूमा प्रदेश सरकारसँग सहकार्य गरी समपूरक कोष को सहयोगमा त्यस्ता योजना सम्पन्न गर्ने लक्ष्य लिइएको छ। यसका निम्ति गत आ.व. मा विनियोजन गरीएको समपूरक कोषको रकमको तुलनामा यसवर्ष वृध्दि गर्ने नीति लिइएको छ।

- भौतिक पूर्वाधार अन्तर्गत सडक तर्फ नया ट्र्याक खोल्ने भन्दा भइरहेको सडकहरूको स्तरोन्नती गर्ने तर्फ वजेट विनियोजन गर्ने नीति अवलम्वन गरीएको छ। सवै मौसममा सुचारू हुने गरी कुलेसो निर्माण तथा ग्राभेल गर्ने कार्यलाइ प्राथमिकता दिने नीति लिइएको छ।

- वैदेशिक रोजगारीलाइ न्यूनिकरण गर्न उत्पादनमुलक तथा छिटो प्रतिफल दिने योजनाहरू कार्यान्वयन गर्ने नीति लिँदै कृषि, पशुपालन तथा पर्यटन प्रर्वध्दनका योजनाहरूमा वजेट विनियोजन गर्ने निती लिइएको छ।

# क्वहोलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम

# ०७५|०७६

• आन्तरीक आम्दानीलाइ वृध्दि गर्न राजश्व को दरभन्दा दायरालाइ वढाउँदै संघिय सरकार तथा प्रदेश सरकारवाट प्राप्त वजेटको प्रभावकारी कार्यान्वयन गर्ने नीति लिइएको छ।

• आर्थिक वर्षको शूरूदेखि नै योजना कार्यन्वयन प्रक्रिया अगाडि वढाउन योजना कार्यान्वयन तालिका वनाइ उपभोक्ताको अधिकतम सहभागितामा समयमा नै योजना कार्यान्वयन तथा अनुगमन मूल्यांकन वस्तुनिष्ठ वनाउने नीति अवलम्वन गरीनेछ।

अव म स्थानिय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ मा उल्लेख भए वमोजिम क्षेत्रगत नीति कार्यक्रम पेश गर्न चाहन्छु।

**<u>आर्थिक विकास :</u>**

**<u>१.कृषि :</u>**

• एक गाउँ एक नमुना कृषक नीतिलाइ अवलम्वन गरीनेछ।

• अलैची जोनमा परेका ठाउँमा अलैची खेती लाइ प्रोत्साहन गर्न प्राथमिकताका साथ कार्यक्रमहरू ल्याइनेछ। साथै अन्य क्षेत्रहरूमा पनि अलैची खेतीको विस्तार गरीनेछ। यसका अलवा चिया, कफि, मौरी पालन, तरकारी खेती लाइ प्रोत्साहन गरीनेछ।

* प्राकृतिक रूपले पाइने जडिवुटिको संरक्षण गर्दै जडिवुटि नर्सरी तथा खेतीको प्रवर्दनमा जोड दिइनेछ।

# क्व्होलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम

## ०७५।०७६

* निर्वाहरूपि कृषि तथा पशुपालनलाइ विस्थापित गरी व्यवसायिक कृषि तथा पशुपालन मा लगानि अभिवृध्दि गरीनेछ।

* भेडि गोठको संरक्षण गर्दै नयाँ भेडि गोठ विस्तारको निम्ति आवश्यक कार्यक्रम अगाडि वढाइनेछ।

* प्रदेश सरकार सँगको सहकार्यमा एउटा शित भण्डार निर्माणको लागि आवश्यक वजेट विनियोजन गरीनेछ।

* हाल गाउँपालिकामा सञ्चालनमा रहेका मासु पसलहरूलाइ व्यवस्थित गर्दै स्वस्थ एवम सफा मासु पसल स्थापनाको निम्ति पहल गरीनेछ।

* मौरीपालन, भैसीपालन तथा वाख्रापालन लाइ विशेष प्रोत्साहन दिइनेछ।

* पशु औषधि खरिदको निम्ती आवश्यक वजेट एवं कृषि र भेटेरेनरिको प्राविधिकको संख्या थप गरीनेछ।

* भौगोलिक अवस्थीति र हावापानि अनुसार कृषिको छुट्टा छुट्टै पकेट क्षेत्रहरू घोषणा गरीनेछ।

* गाउँपालिका भित्र व्यापक डाले घाँस रोप्नका लागि आवश्यक वजेट विनियोजन गरीनेछ।

**२.सिचाइ :**

* खाली एवं वाझो रहेका फाँटहरूमा सिँचाइ सुविधा पुर्याउनको लागि योजना छनौट एवं वजेट विनियोजनमा प्राथमिकता दिइनेछ।

# क्व्होलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम

## ०७५|०७६

**३.पर्यटन :**

 * " क्व्होलासोथारको संस्कृति र संस्कारको संर्वधन : पर्यटन उध्योगको प्रवर्ध्दन " को नीतिलाइ अवलम्वन गरीनेछ। यसका निम्ती गुरूङ संस्कृतिक तथा परम्परागत नृत्यको संरक्षण गर्दै भावि पुस्ताको दस्तावजिकरण तथा वृत्तचित्र मार्फत प्रवर्ध्दन गरीनेछ।

 * भइरहेका होमस्टेलाइ व्यवस्थित गर्दै गिलुङमा पनि होमस्टे सञ्चालनको लागि आवश्यक वजेट विनियोजन गरीनेछ।

 * ऐतिहसिक एवं गुरूङहरूको आदिम थलो क्व्होलासोथार को पहिचान एवं संरक्षण, संवर्ध्दन र प्रचार प्रसार प्रभावकारी वनाउनका निम्ती आवश्यक वजेट विनियोजन गरीनेछ।

 * क्व्होलासोथार गाउँपालिकामा सांस्कृतिक सूचना केन्द्र स्थापना गरीनेछ।

 * पदयात्राको माध्यमवाट आन्तरिक तथा वाह्य पर्यटनको आगमनलाइ वढावा दिन नयाँ पदयात्रा को खोजी तथा थालनी गरीनेछ। विध्दमान " गुरूङ हेरिटेज ट्रेल " लाइ थप प्रचार प्रसारको माध्यमवाट प्रवर्ध्दन गरीनेछ।

 * वडा नं ४ को भुजुङ गाउँलाइ सांस्कृतिक गाउँको रूपमा घोषणा गरी संस्कृति तथा संस्कारको संरक्षण गर्न विशेष कार्यक्रम तथा सांस्कृतिक महोत्सवको आयोजना गर्न वजेट विनियोजन गरीनेछ।

* वडा नं. ३ को घले गाउँ लाइ स्मार्ट भिलेज घोषणा गरीनेछ। साथै आवश्यक भौतिक संरचना तयार गर्न वजेटको व्यवस्था गर्नुका साथै प्रदेश र केन्द्र सरकार सँग समन्वय र सहकार्य गरीनेछ।

**४.सहकारी :**

* संघीय सरकारले परीकल्पना गरेको नीति वमोजिम सहकारीलाइ अर्थतन्त्रको मुख्य खम्वाको रूपमा विकास गरी सहकारीको माध्यमवाट आर्थिक गतिविधीमा वढावा दिइ आर्थिक समृध्दिको आधार खडा गरीनेछ।

* वचत गर्ने वानीको विकास गर्नको लागि गाउँ गाउँमा सहकारीका शाखा विस्तार गरीनेछ।

**सामाजिक विकास :**

**१.शिक्षा :**

* सार्वजनिक विध्दालयको शैक्षिक गुणस्तर अभिवृध्दिको निम्ती शिक्षक, विध्दार्थि र अभिभावक विच त्रैमासिक रूपमा सवै विध्दालयले अन्तरक्रिया गरी विध्दमान समस्या हल गर्नको निम्ती पहल गरीनेछ।

* शिक्षाविद तथा अन्य क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिहरूलाइ निमन्त्रण गरी शैक्षिक महत्व दर्शाउन अभिभावक शिक्षा कार्यक्रम आयोजना गरीनेछ।

* श्री जनज्योति मा.वि. वाग्लुङपानीलाइ प्राविधिक शिक्षालयको रूपमा विकास गर्न तथा श्री वुध्दोदय मा.वि. लाइ स्नातक क्याम्पसको रूपमा विकास गर्न प्रदेश तथा केन्द्र सरकारसँग सहकार्य को पहल गरीनेछ।

# क्व्होलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम

## ०७५|०७६

* गाउँपालिका भित्र सवै माध्यमिक विध्यालयलाइ **ICT** मैत्रि वनाउन कम्प्युटर तालिम तथा इन्टरनेट जडानको व्यवस्था गरीनेछ।

* क्व्होलासोथार गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली स्थानीय आवश्यकता तथा धरातललाइ सुहाउँदो गरी निर्माण गरीनेछ।

* आवासिय विध्दालयको परिकल्पना गरी २ वटा मेगा विध्दालय स्थापनाको निम्ति प्रदेश र केन्द्र सरकार सँग सहकार्य गरीनेछ।

* माध्यमिक विध्दालयहरूमा विज्ञान प्रयोगशाला स्थापनाको निम्ति आवश्यक वजेटको निम्ति विभिन्न संघ संस्था सँग सहकार्य गरीनेछ।

* प्रत्येक सामुदायीक विध्दालयमा E-हाजिरी को व्यवस्था गरिनेछ।

* प्रस्तावित माध्यमिक विध्दालयहरूलाइ निजि स्रोतको शिक्षकको तलव भत्ताको निम्ती आवश्यक वजेट विनियोजन गरीनेछ।

* गाउँपालिका भित्र संचालित सामुदायिक वालविकास केन्द्रलाइ अनुगमन तथा सुपरीवेक्षण नजिकको विध्दालयले गर्ने निती अवलम्वन गरिनेछ।

* गाउँपालिका भित्र विध्दार्थिहरूको समग्र विकास को निम्ती विभिन्न अतिरीक्त कृयाकलापको आयोजना गरीनेछ।

* शैक्षिक गुणस्तर अभिवृध्दि अभियान अर्न्तगत आगामि शैक्षिक सत्रदेखि उत्कृष्ट विध्दालय व्यवस्थापन समिति, उत्कृष्ट शिक्षक, उत्कृष्ट विध्दार्थि एवं उत्कृष्ट अभिभावक लाइ पुरस्कृत गर्ने नीति अवलम्वन गरीनेछ।

# क्व्होलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम

# ०७५।०७६

**२.खेलकुद :**

* गाउँपालिका लिग फुटवललाइ निरन्तरता दिइ अझ व्यवस्थित गरीनेछ।

* प्रत्येक वडामा खेलकुद मैदान निर्माण तथा गाउँपालिका भित्र एउटा नमूना खेल मैदान निर्माणको लागि प्रदेश तथा केन्द्र सरकार सँग सहकार्य गरीनेछ।

**३.स्वास्थ्य :**

* प्रदेश तथा केन्द्र सरकार सँगको सहकार्य मा साल्मे भन्ज्याङ स्वास्थ्य चौकिलाइ २५ शैय्याको अस्पाताल वनाउन आवश्यक प्रक्रिया अघि वढाइनेछ।

* अति आवश्यक औषधिहरूको अभाव हुन नदिन स्वास्थ्य संस्थाहरूको माग वमोजिम आवश्यक वजेटको विनियोजन गरीनेछ।

* हाल सञ्चालनमा रहेका वर्थिङ सेन्टरको व्यवस्थापनलाइ सुधार गरी मालिङ स्वास्थ्य चौकि र सामुदायिक स्वास्थ्य इकाइ घाम्राङमा वर्थिङ सेन्टर स्थापना गरीनेछ।

* महिला स्वास्थ्य स्वंसेविका रणनिति २०६७ को मर्म वमोजिम यस कार्यक्रमलाइ प्रभावकारी वनाउन महिला स्वास्थ्य स्वंसेविकाहरूलाइ मासिक प्रतिवेदन पेश गर्दा यातायात खर्चको रूपमा समय सापेक्ष भत्ता वृध्दि गरीनेछ।

* कुनै पनि वालवालिका कुपोषणवाट ग्रषित हुनवाट वचाउन पोषणको व्यवस्था विध्दालयगत रूपमा, सुनौला हजार दिनका आमा तथा वच्चा कार्यक्रम तथा विविध जनचेतना मुलक कार्यक्रम गरीनेछ।

# क्व्होलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम

## ०७५|०७६

* सिङ्दी सामुदयिक स्वास्थ्य इकाइ तथा घाम्राङ सामुदायीक इकाइलाइ स्तरउन्नति गरी स्वास्थ्य चौकि वनाउन आवश्यक पहल गरीनेछ।

* आकस्मिक प्रसुति सेवा तथा विरामीहरूलाइ तुरून्त प्रेषण गर्ने र स्वास्थ्य सेवा उपलव्धतका लागि भौगोलिक आधारमा २ वटा एम्वुलेन्स सेवा खरीद प्रक्रिया अगाडि वढाएर सेवा सुचारू गरीनेछ।

* अति आवश्यक उपकरण डेन्टल सेट, ओटोस्कोप, अटोक्लेभ र वि.पि. सेट सवै स्वास्थ्य चौकिमा खरीद गरी आवश्यकता अनुसार आपूर्ति गरीनेछ।

* अनलाइन प्रतिवेदन सेवा, स्वास्थ्य सूचानलाइ अध्यावधिक गरी स्वास्थ्य कर्मीहरू स्वास्थ्य संस्थामा वस्ने समयावधि वृध्दिका लागि इन्टरनेट, डेस्कटपको व्यवस्था गरीनेछ।

* घले गाउँमा पर्यटनको चापले गर्दा स्वास्थ्यलाइ ख्यालमा राखी स्वास्थ्य चेक प्वाइन्ट स्थापना गर्न आवश्यक वजेट विनियोजन गरीनेछ।

* यस गाउँपालिका भित्र सोह्र वर्ष मुनिका वालवालिकाहरूलाइ धुम्रपान तथा मध्यपान जन्य वस्तु तथा सामाग्रीहरूको किनवेच गर्नमा कडाइ गरीनेछ।

**<u>४.खानेपानी तथा सरसफाइ :</u>**

* एक घर एक धारा नीतिलाइ आत्मसात गरी गाउँपालिका आफैले वा प्रदेश सरकार तथा संघिय सरकार र अन्य संघ संस्था सँग सहकार्य गरी क्रमवध्द रूपमा योजना कार्यान्वयन गरीनेछ।

# क्व्होलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम

## ०७५|०७६

* पूर्ण सरसफाइयुक्त गाउँपालिका अभियान अर्न्तगत स्थानिय आमा समुह, युवा क्लव तथा गैरसरकारी संस्थाहरू सँग सहकार्य गरी वाँकि वडाहरूलाइ पूर्ण सरसफाइयुक्त वडाको रूपमा घोषणा गर्न आवश्यक वजेट विनियोजन गरीनेछ।

* गाउँपालिका भित्र रहेको खानेपानिको गुणस्तर परीक्षण गर्ने प्रविधिको अवलम्वन गरी सफा खानेपानी पिउन पाउने अधिकारको सुनिश्चितता गरीनेछ।

* मध्यम तथा ठूला खानेपानी योजना कार्यान्वयन गर्न सहज वातावरण सिर्जना गर्न आवश्यक वजेट विनियोजन गरीनेछ।

* नारेवै पत्ला खानेपानी आयोजना निर्माणका लागि केन्द्र सरकार सँग अपिल गरीनेछ।

**५.संस्कृति :**

* गुरूङ संस्कृतिको धनी क्व्होलासोथार गाउँपालिकामा प्रचलित कृष्ण चरीत्र, घाटु, सोरठि, ठाडो भाका लगायतका अन्य जातिहरूको संस्कृति तथा संस्कारलाइ संरक्षण तथा सम्वर्ध्दनको नीति अविलम्वन गरीनेछ।

* लोपोन्मुख हयोल्मो लगायतका जातिको भाषा तथा संस्कृति संरक्षणमा विशेष कार्यक्रम सञ्चालन गरीनेछ।

* परम्परागत भेषभुषा, कला संस्कृतका सर सामानहरूको संरक्षणको लागि हाल सञ्चालना रहेका संग्रहालयहरूको स्तरोन्नतिको लागि वजेट विनियोजन गरीनेछ।

**६.लैंगिक समानता तथा सामाजिक समावेशिकरण :**

# क्व्होलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम

## ०७५।०७६

* वजेट तथा योजना तर्जुमा कार्यान्वयन वाट प्राप्त प्रतिफलको वाँडफाँडमा महिला, दलित, अपांग, ज्यष्ठ नागरीक तथा अल्पसंख्यक र पिछडिएका वर्गका समुदायका नागरीकको सहभागीता सुनिश्चित गरीनेछ।

* परम्परागत रूपमा राडि तथा भाङ्ग्रा बुन्ने महिलाहरूको सिप तथा उध्दमशिलता लाइ आय आर्जनको भरपर्दो माध्यमका रूपमा विकास गरीनेछ।

* फरक क्षमता भएका सवै वर्गको लागि आय आर्जनको कार्यक्रम तथा अति अशक्त सहाराविहिन हरूको लागि विशेष सामाजिक सुरक्षाको ग्यारेन्टि गरीनेछ।

* वालविवाह, वहुविवाह तथा महिला हिंसालाइ न्यूनिकरण गर्न जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरीनेछ।

* दलित तथा समाजको मुल धारमा नपरेका वर्गको सशक्तिकरणका लागि विविध कार्यक्रम सञ्चालन गरीनेछ।

* गाउँपालिका भित्र अव वन्ने सार्वजनिक भवनहरू अपाङ्ग मैत्रि वनाइनेछ।

**<u>पूर्वाधार विकास</u>**

- गाउँपालिका भित्र निर्माण हुने निजि घर तथा सार्वजनिक संघ संस्थाहरको भवन नेपाल सरकार भवन निर्माण सम्वन्धि आधारभूत मापदण्ड २०७२ वमोजिम गाउँपालिकाको स्वीकृतिमा मात्र वनाउन पाउने व्यवस्था गरिनेछ।
- गाउँपालिका केन्द्र, जिल्ला सदरमुकाम तथा वडा कार्यालय संग जोडिने सडकलाइ प्रदेश सरकार को सहयोग तथा सहकार्यमा स्तरोन्नति गरीनेछ।

# क्व्होलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम

## ०७५।०७६

- मिदिम खोला तथा रूदि खोलामा वन्ने मोटरेवल पक्कि पुलहरू को निर्माण यथाशिघ्र निर्माण गर्न संघिय तथा प्रदेश सरकार संग सहकार्य एवं समन्वय गरीनेछ।
- रूदि हाइड्रोपावर तथा मिदिम हाइड्रोपावर निर्माणको गतिलाइ तिव्रता दिन सरोकारवाला पक्ष सवै तथा सम्वन्धित हाइड्रो कम्पनी संग सार्थक सहकार्य तथा समन्वय गरिनेछ।
- विध्दमान सडकहरू भूक्षय तथा पहिरोवाट वचाउन वृक्षारोपण कार्यलाइ तदारूकताका साथ अगाडि वढाइनेछ।
- आवश्यक वडा कार्यालय र स्वास्थ्य चौकि भवनहरू निर्माण का लागि आवश्यक वजेट विनियोजन गराउनुका साथै केन्द्र र प्रदेश सरकार सँग समन्वय गरीनेछ।
- दुइ वर्ष भित्र उज्यालो गाउँपालिका वनाउन तथा केन्द्रिय विध्दुत प्रसारण लाइन विस्तार गर्नका लागि प्रदेर सरकार सँग समन्वय गरीनेछ।

- भुजुङ देखि पसगाउँ र गिलुङ देखि वेतेनि जोड्ने नयाँ ट्रयाक खोल्नका लागि आवश्यक वजेट विनियोजन गरीनेछ।

- वैंशिसहर भुजुङ र रामवजार सिङ्दी जोड्ने सडकलाइ कालोपत्रे गर्नका लागि केन्द्र सरकार र प्रदेश सरकार सँग सहकार्य गरी आवश्यक वजेट माग गरीनेछ।

- कपुरगाउँ मालिङ हुँदै साल्मे सम्मको सडक स्तर उन्नतिका लागि प्रदेश सरकार सँग सहकार्य र समन्वय गरीनेछ।

**<u>वातावरण तथा विपद व्यवस्थापन</u>**

# क्व्होलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम

## ०७५|०७६

- ' जलवायु अनुकुलनका कार्यक्रम तथा पूर्वाधार : स्वच्छ सफा तथा हरीयालि क्व्होलासोथार ' नितिलाइ आत्मसात गर्दै टनेल खेति, पोखरी संरक्षण, खालि जग्गामा वृक्षरोपण कार्यक्रम कार्यान्वयमा जोड दिइनेछ।
- गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिलाइ सकृय तुल्याइ वडास्तरमा पनि विपद व्यवस्थापन समिति निर्माण तथा विपद व्यवस्थापन रणनिति तयार गरीनेछ।
- विपद व्यवस्थापनको नीम्ति अति आवश्यक सामानहरू को व्यवस्थापन गर्ने तथा सरोकारवाला गैरसरकारी संस्थाहरू संग सहकार्य गरी विपद जोखिम न्यूनिकरणका उपायहरू अवलम्वन गरीनेछ।
- कुहिने र नकुहिने फोहोर छुट्याइ वातावरण संरक्षण गरीनेछ।
- जलवायु परीवर्तन तथा विपत व्यवस्थापन का लागी जनचेतनामुलक विविध कार्यक्रमहरू संचालन गरिनेछ।
- क्व्होलासोथार गाउँपालिकालाइ जुवा तास तथा मदिरा मुक्त क्षेत्र घोषणा गरी वेरोजगार युवाहरूलाइ स्वरोजगार तर्फ उन्मुख गराउन आवश्यक वजेट विनियोजन गरीनेछ।

**<u>संस्थागत विकास तथा सेवा प्रवाह</u>**

- गाउँपालिकावाट प्रवाह गरीने सार्वजनिक सेवा प्रवाहलाइ छिटो तथा छरितो एवं कानुन सम्मत वनाउन **ICT** मैत्रि तथा सवै वडाहरू र गाउँपालिका केन्द्रमा आवश्यक वडा सचिव तथा कर्मचारी पूर्तीका निम्ति आवश्यक पहल गरीनेछ।

- वाल क्लव, युवा क्लव तथा आमा समुह लगायत अन्य सामाजिक संघ संस्थाको अभिलेखको लागि अनिवार्य दर्ता तथा आवश्यक तालिमहरूको व्यवस्था गरिनेछ।
- गाउँकार्यपालिका तथा गाउँ सभाका सदस्यहरूलाइ वजेट तर्जुमा तथा कार्यान्वयन र सार्वजनिक सेवा प्रवाह सम्वन्धि तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरीनेछ।

**वित्तिय व्यवस्थापन र सुशासन**

- गाउँपालिकाका कर्मचारीहरूलाय सुशासन तथा सकारात्मक सोच लगायत सेवा प्रवाह सम्वन्धि र अन्य तालिमहरूको व्यवस्था गरी सुशासनलाइ अभिवृध्दि गरिनेछ।
- गाउँकार्यपालिकाको आय, व्यय तथा सार्वजनिक खरिद प्रकृयालाइ व्यवस्थित तथा पारदर्शि वनाइनेछ।
- आन्तरिक राजश्वका दर तथा दायरा लाइ व्यवस्थित तथा वैज्ञानिक वनाइ राजश्व वृध्दिमा जोड दिइनेछ।
- चालु आ.व. जस्तै उत्कृष्ट काम गर्ने कर्मचारी, करदाता, उपभोक्ता समितिलाइ पुरस्कृत गर्ने नितिलाइ निरन्तरता दिइनेछ।
- सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणलाइ निरन्तरता दिइ पारदर्शीतामा जोड दिइनेछ।
- विध्दालयहरमा **E**-हाजिरीको व्यवस्था गरिनेछ।

**सुचना तथा सञ्चार**

# क्व्होलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम

## ०७५|०७६

- इन्टरनेट जडान गर्न वाकि वडा कार्यालयहरूमा इन्टरनेट जडान गरी छिटो छरीतो संचारको व्यवस्था गरीनेछ।
- गाउँपालिकाको ऐतिहासिक, सांस्केतिक विशेषता, प्राकृतिक सुन्दरतालाइ समेटि वृत्तचित्र निर्माण गरिनेछ।
- गाउँपालिकाका गतिविधिहरू वेवसाइट तथा अन्य सञ्चार माध्यमवाट सार्वजनिकिकरण गर्ने व्यवस्था गरीनेछ।
- गाउँपालिका भित्रका सवै स्वास्थ्य संस्था तथा विध्दालयहरूमा इन्टरनेट विस्तार गरीनेछ।
- क्व्होलासोथार गाउँपालिकाको सवै वडाहरूमा रेडियो प्रसारणका लागि वडा नं १ को सुलिकोट डाँडाँमा रेडियो मर्स्याङ्दी वेशिसहरको टावर निर्माणको लागि आवश्यक वजेट विनियोजन गरीनेछ।

**<u>श्रम तथा रोजगारी</u>**

- वैदेशिक रोजगारीलाइ निरूत्साहित गर्दै गाउँपालिका भित्र कृषि तथा पशुपालन एवं पर्यटन तथा अन्य उध्दमशिलता विकासको लागि वजेट विनियोजन गरीनेछ।
- डकर्मि तालिमलाइ निरन्तरत दिदै भूकम्प मैत्रि भवन तथा संरचना निर्माण का निम्ति प्रोत्साहन गरीनेछ।
- श्रम तथा सिप परीक्षणका माध्यमवाट कानूनि रूपले मान्यता प्रदान गर्न **CTEVT** संग समन्वय गरीनेछ।

# क्व्होलासोथार गाउँपालिकाको नीती तथा कार्यक्रम

## ०७५।०७६

- पेशा तथा व्यवसाय गर्न चाहने वेरोजगार व्यक्तिहरूलाइ प्राथमिक सिप तथा तालिमहरूको व्यवस्था गरी व्यवसायिक उत्पादनमा सरिक हुन प्रोत्साहित गरीनेछ।

अन्त्यमा, हाम्रो गाउँपालिकाको निमन्त्रणालाइ स्वीकार गरी आफ्नो अमूल्य समय दिइ हौसला प्रदान गर्न पाल्नुहुने प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यू, राजनैतिक पार्टिका प्रतिनिधि ज्यूहरू, समाजसेवि एवं वुध्दिजिविहरू, विभिन्न संघसंस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरू, पत्रकार ज्यूहरू एवं उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद सहित आभार प्रकट गर्न चाहन्छु र धैर्यताका लागि सवैमा नमन प्रकट गर्न चाहन्छु।

धन्यवाद

कुमारी मुनी गुरूङ

उपाध्यक्ष

क्व्होलासोथार गाउँपालिका

मालिङ, लमजुङ।